# मेलुङ गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
भेङ्पु, दोलखा
बागमती प्रदेश,नेपाल

मेलुङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय भेङ्पु, दोलखा बागमती प्रदेश, नेपाल

**व्यापार/व्यवसाय दर्ता गर्ने सम्बन्धी सूचना ।**

**सूचना नं. ०५/०७८-७९**

मिति : २०७८/०४/१७

मेलुङ गाउँपालिकाको व्यवसाय दर्ता तथा नवीकरण सम्बन्धी कार्यविधि, २०७७ को दफा ५(क) बमोजिम यस गाउँपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका उद्योग, व्यापार, व्यवसाय, पेशा वा अन्य यस्तै प्रकृतिका व्यवसायिक कारोबार गर्ने व्यक्ति, फर्म वा कम्पनीले दर्ता प्रयोजनको लागि यो सूचना प्रकाशित भएको मितिले ३५(पैंतीस) दिनभित्र देहायका कागजात संलग्न राखी गाउँपालिकाको कार्यालय वा सम्बन्धित वडा कार्यालयमा निवेदन दिनुभई आफ्नो व्यापार/व्यवसाय दर्ता गरी वैधानिकता प्राप्त गर्न हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

आवश्यक कागजातहरु :

१. अनूसूची-३ बमोजिमको निवेदन,
२. सञ्चालकको हालसालै खिचेको पासपोर्ट साइजको फोटो दुई प्रति,
३. व्यवसायीको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
४. गैर नेपाली नागरिकको हकमा सम्बन्धित देशको नागरिकता वा नागरिक जनिने प्रमाणपत्रको प्रतिलिपि,
५. सम्बन्धित वडा कार्यालयको सिफारिस,
६. व्यवसाय सञ्चालन हुने जग्गाको जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपि वा अन्य कागजात,
७. सार्वजनिक वा सरकारी जग्गामा व्यवसाय गरेको भए बहाल बिटौरी कर तिरेको रसिद,
८. सामूहिक व्यवसायको हकमा समूहको सबै सदस्यको नागरिकताको प्रतिलिपि र संयुक्त निवेदन,
९. अर्काको नाममा जग्गा भए व्यवसाय सञ्चालन गर्न दिने जग्गाधनीको मञ्जुरीनामा,
१०. उद्योगको हकमा सँधियारको मञ्जुरीनामा,
११. प्रचलित कानून बमोजिम अन्य निकायबाट व्यवसाय दर्ता र इजाजत प्राप्त गरेको प्रमाणपत्रको प्रतिलिपि,
१२. व्यवसाय सञ्चालनमा रहेको अवधि खुल्ने कागजातहरु(घर भाडा, पानी, बिजुलीको बिल तिरेको रसिद, कर कार्यालयमा कर बुझाएको रसिद वा अन्य यस्तै कागजात)

*(अनूसूची-३ बमोजिमको व्यवसाय दर्ता गरी पाउँ भन्ने व्यहोराको निवेदन गाउँपालिका तथा वडा कार्यालयबाट प्राप्त गर्न सकिनेछ । थप जानकारीका लागि ९८५११४९२०१ र ९८४३८४३७२३ मा सम्पर्क गरी बुझ्न सकिनेछ ।)*

०७८/४/१७

महेन्द्र विश्वकर्मा
प्रमुख प्रशासकीय अधिकृत